# प्रदेश राजपत्र

प्रदेश नं. ३, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड १) हेटौंडा, मकवानपुर, असार २० गते, २०७५ साल (अतिरिक्ताङ्क ८

## भाग १

प्रदेश सरकार

### आन्तरिक मामिला तथा कानून मन्त्रालय

प्रदेश नं. ३, हेटौंडा

प्रदेश नं. ३ को प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०७५ सालको ऐन नं. ५

# <u>प्रदेश आकस्मिक कोष सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन</u>

**<u>प्रस्तावना</u>**: प्रदेश आकस्मिक कोषको स्थापना र सञ्चालन सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

प्रदेशसभाले यो ऐन बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>:** (१) यस ऐनको नाम "प्रदेश आकस्मिक कोष ऐन,२०७५" रहेकोछ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा</u>:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आकस्मिक कार्य" भन्नाले भूकम्प, बाढी, पहिरो, आगलागी, महामारी लगायतका प्राकृतिक तथा गैर प्राकृतिक विपद लगायतका आकस्मिक वा अप्रत्याशित कारणबाट सिर्जना भएको विशेष परिस्थितिमा तत्काल गरिने आकस्मिक कार्य सम्झनुपर्छ।

(ख) "प्रदेश" भन्नाले प्रदेश नं. ३ सम्झनुपर्छ।

(ग) "प्रदेश आकस्मिक कोष" भन्नाले दफा ३ बमोजिम स्थापना गरिने प्रदेश आकस्मिक कोष सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय सम्झनु पर्छ।

३. **<u>प्रदेश आकस्मिक कोषको स्थापना</u>:** प्रदेश आकस्मिक कोषको नाम बाट एउटा कोष स्थापना गरिनेछ।

४. **<u>प्रदेश आकस्मिक कोषमा जम्मा गरिने रकम</u>:** प्रदेश सञ्चित कोषबाट पाँच करोड रुपैंयाँ झिकी त्यस्तो रकम प्रदेश आकस्मिक कोषमा जम्मा गरिनेछ।

५. **<u>प्रदेश आकस्मिक कोष को रकम वृद्धि गर्न सक्ने</u>:** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी प्रदेश आकस्मिक कोषमा रहने रकममा आवश्यकता अनुसार वृद्धि गर्न सक्नेछ।

६. **<u>प्रदेश आकस्मिक कोषको रकम खर्च गर्न सक्ने</u>:** प्रदेश सरकारले प्रदेश आकस्मिक कोषमा रहेको रकमबाट आकस्मिक कार्यका लागि रकम खर्च गर्न सक्नेछ।

७. **<u>प्रदेश आकस्मिक कोषको सञ्चालन</u>:**(१) प्रदेश आकस्मिक कोषको सञ्चालन मन्त्रालय बाट हुनेछ।

(२) प्रदेश आकस्मिक कोषको सञ्चालन र रकमको निकासा सम्बन्धी स्रेस्ता र हिसाब अनुसूची-१ बमोजिमको ढाँचामा मन्त्रालयको सचिव वा निजले तोकेको कुनै अधिकृतले राख्नेछ।

८. **<u>आकस्मिक कोषबाट खर्चको निकासाको माग</u>:**(१) कुनै आकस्मिक कामको लागि आकस्मिक कोषबाट खर्च गर्नुपर्ने भएमा सम्बन्धित निकायले पेश्की को रुपमा मन्त्रालय मार्फत रकम निकासाको माग गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश्कीको रुपमा रकम निकासाको माग गर्दा सम्बन्धित निकायले देहायका विवरण खोली पठाउनु पर्नेछः-

(क) आकस्मिक कार्यको विवरण, खर्चको आवश्यकता र चाहिएको रकम,

(ख) थप खर्च मागिएको भए त्यसको कारण र चाहिने रकम,

(ग) आकस्मिक कार्य पछि सार्न नसकिने कारण,

(घ) तुरुन्त खर्च नगरेमा हुने परिणाम को सङ्केत,

(ङ) कति अवधिसम्मको लागि खर्च चाहिने हो त्यसको सम्भाव्यता,

(च) आकस्मिक कोषको रकम खर्च गर्ने अधिकृत र निजको कार्यालय।

(३) उपदफा (१) बमोजिम आकस्मिक कोषबाट खर्चको माग भएकोमा मन्त्रालयले प्रदेश मन्त्रिपरिषद समक्ष पेश गरी निकासा भए बमोजिम प्रदेश आकस्मिक कोषबाट पेश्कीको रुपमा रकम दिनेछ र यसरी रकम दिएपछि मन्त्रालयले सोको जानकारी महालेखा परीक्षकको कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ।

९. **<u>खर्चको रकम सोधभर्ना गर्नु पर्ने</u>:** (१) प्रदेश सरकारले यस ऐन बमोजिम प्रदेश आकस्मिक कोषबाट खर्च गरेको रकम यथाशीघ्र सोधभर्ना गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि तत्काल आकस्मिक कोषमा रकम सोधभर्ना गर्न नसकिएमा आगामी आर्थिक वर्षको प्रदेश विनियोजन ऐन बमोजिम विनियोजित रकम बाट त्यस्तो रकम सोधभर्ना गर्नु पर्नेछ।

१०. <u>आकस्मिक कार्य पुरा भएको सूचना गर्ने</u>**:** आकस्मिक कार्य समाप्त भएपछि वा त्यस्तो कार्य गर्नुपर्ने सम्भावना नभएको विषय यकिन भएपछि सो कुराको जानकारी पेश्की माग गर्ने निकायले मन्त्रालय, महालेखा परीक्षकको कार्यालय र प्रदेश लेखा नियन्त्रकको कार्यालयमा तुरुन्त दिनु पर्नेछ।

११. <u>खर्च नभएको रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्ने</u>: (१) प्रदेश आकस्मिक कोषबाट पेश्की लिएको रकम खर्च गर्नुनपर्ने भएमा वा सबै रकम खर्च नभई बाँकी रहेमा पेश्की माग गर्ने निकायले आकस्मिक कार्य समाप्त भएको वा त्यस्तो कार्य गर्नुपर्ने सम्भावना नभएको विषय यकिन गरेको मितिले पैंतीस दिनभित्र त्यस्तो बाँकी रहेको रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम रकम दाखिला गरेपछि त्यस्तो निकायले सोको जानकारी मन्त्रालय, महालेखा परीक्षकको कार्यालय र प्रदेश लेखा नियन्त्रकको कार्यालय लाई दिनु पर्नेछ।

१२. <u>अनुसूची मा हेरफेर गर्न सक्ने</u>**:** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ।

अनुसूची-१

(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

आकस्मिक कोष सम्बन्धी

आकस्मिक कोषको रकम रु............................................................ अक्षेरुपी......................................

| क.सं. | आकस्मिक कार्यको विवरण | विनियोजनको नाम र सङ्ख्या | पेश्की माग गरेको रकम | पेश्की दिइएको रकम | थप पेश्की मागिएको रकम | थप पेश्की दिइएको रकम | जम्मा पेश्की रकम | आकस्मिक कार्य पुरा भएको मिति | आकस्मिक काम पछिको बचत रकम | पूरक विनियोजन ऐनले स्वीकृत गरेको थप खर्च | पेश्की सोध भर्ना रकम | पेश्की माग गर्ने निकाय को अधिकारीको नाम,दर्जा र कार्यालय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | |

प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयको सचिव वा निजले तोकेको अधिकृत को दस्तखत.................

मिति:..................

प्रमाणीकरण मिति : २०७५/३/२०

आज्ञाले,

**राजकुमार श्रेष्ठ**

**प्रदेश सरकारको सचिव**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू ५।-
गो.हु.द.नं. १६।२०६२।६३